# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बनगाड कुपिण्डे नगरपालिका
## सल्यान





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बनगाड कुपिण्डे नगरपालिका

सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बनगाड कुपिण्डे नगरपालिका

सल्यान

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनलय, कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
बनगाड कुपिण्डे नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सल्यान ।

## कैफियत सहितको राय

हामीले बनगाड कुपिण्डे नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ४ करोड १४ लाख ११ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ९५ लाख २४ हजार, नियमित गर्नुपर्ने रु ५ लाख ९९ हजार र पेश्की रु ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १४ करोड ७६ लाख २९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १७ करोड ६३ लाख ४० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(...............)
नायब महालेखापरीक्षक

## बनगाड कुपिण्डे नगरपालिका, सल्यान

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ५७ | ४१४११ | ० | ० | ० | ५५ | ५७ | ४१४११ | १२१८ | ५९९ | ३९५२४ | ० | ० | ४०१२३ | ७० |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बनगाड कुपिण्डे नगरपालिका, सल्यान | १४७६२९ | ० | १२७०० | १३४९२९ | ० | ४१४११ | १७६३४० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बनगाड नगरपालिका, सल्यान , बनगाँड कुपिण्डे नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | chakra bahadur rawat | २०७७-९-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | dinesh bhandari | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४१,४११,३०६.५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५,३६,३७,३४८.३४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,२१,९४,८९८ | **चालु खर्च** | ३८,५५,९५,७५५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७३,७७,८२४ | **पूँजीगत खर्च** | १६,८८,१२,१३८ |
| **राजश्व बाँडफाँट** | ११,०१,२०,४०२.५६ | **वित्तीय/अन्य व्यवस्था** | ६,५५,४०,५६४.५६ |
| **आन्तरिक आय** | ८१,००,५६६.९१ | | |
| **अन्य आय** | ६,८३,८३,१४६ | | |
| **कुल आय** | ६५,६१,७६,८३७.४७ | **कुल खर्च** | ६१,९९,४८,४५७.५६ |
| **बाँकी मौज्दात** | | १८,९८,६५,७२८.२५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>.<br>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।६।६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ३३८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६ हजार ५२ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सञ्चितकोषको हिसाबः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><td colspan="9">आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२</td></tr>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोभै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोभै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५५,७८,१०,०१२</td><td>४६,४२,१२,६६५.९१</td><td></td><td>४६,४२,१२,६६५.९१</td><td>५४,६५,०६,२४०.८१</td><td></td><td>५४,६५,०६,२४०.८१</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५४,८२,६७,०००</td><td>४५,८८,५७,३१३.९१</td><td>०</td><td>४५,८८,५७,३१३.९१</td><td>५२,३२,००,१०१.८१</td><td>०</td><td>५२,३२,००,१०१.८१</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>११,२४,३४,०००</td><td>११,२६,१९,९८२.५६</td><td>०</td><td>११,२६,१९,९८२.५६</td><td>१०,००,२१,५८७.५८</td><td>०</td><td>१०,००,२१,५८७.५८</td></tr>
<tr><td>१३०००अनुदान</td><td></td><td>४३,०६,३३,०००</td><td>३३,९४,३६,७६२</td><td>०</td><td>३३,९४,३६,७६२</td><td>४२,०२,५९,४६९</td><td>०</td><td>४२,०२,५९,४६९</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>३८,४०,९३,०००</td><td>३१,४२,८८,३५०</td><td>०</td><td>३१,४२,८८,३५०</td><td>३८,२७,४४,३९०</td><td>०</td><td>३८,२७,४४,३९०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | १२ | ४,६५,४०,००० | २,५१,४८,४१२ | ० | २,५१,४८,४१२ | ३,७५,१५,०७९ | ० | ३,७५,१५,०७९ | |
| | | | १४००० अन्य राजस्व | | ५१,००,००० | ५६,००,९८६.३५ | ० | ५६,००,९८६.३५ | २९,१९,०४५.२३ | ० | २९,१९,०४५.२३ | |
| | | | १५००० विविध प्राप्ति | | १,००,००० | ११,९९,५८३ | ० | ११,९९,५८३ | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | ९५,४३,०१२ | ५३,५५,३५२ | | ५३,५५,३५२ | २,३३,०६,१३९ | | २,३३,०६,१३९ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ३,८२,५०० | ० | ३,८२,५०० | |
| | | | कोषहरु | | ९५,४३,०१२ | ३२,३९,४६४ | ० | ३२,३९,४६४ | १,७३,९३,९०२ | ० | १,७३,९३,९०२ | |
| | | | धरौटी | | ० | २१,१५,८८८ | ० | २१,१५,८८८ | ५५,२९,७३७ | ० | ५५,२९,७३७ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ७०,५३,७४,८०० | ४२,७९,८४,२८६ | | ४२,७९,८४,२८६ | ४३,००,७१,७०३.४९ | | ४३,००,७१,७०३.४९ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६९,५८,३१,७८८ | ४२,४२,७१,९३३ | | ४२,४२,७१,९३३ | ४२,०२,१७,३६२.४९ | | ४२,०२,१७,३६२.४९ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १७,४०,११,००० | १४,८६,२७,००५ | ० | १४,८६,२७,००५ | ५,२९,१५,६०५ | ० | ५,२९,१५,६०५ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,९७,७१,००० | ६,१६,७६,२९७ | ० | ६,१६,७६,२९७ | ६,९५,१८,७४७ | ० | ६,९५,१८,७४७ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ५,४६,२९,००० | ४,७८,९५,३०६ | ० | ४,७८,९५,३०६ | १४,४५,३६,९९५ | ० | १४,४५,३६,९९५ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,९१,३०,००० | ७५,११,२८९ | ० | ७५,११,२८९ | १८,२४,५२६ | ० | १८,२४,५२६ | |
| | | | २८००० अन्य खर्च | १८ | ४१,४४,००० | २१,८१,५८० | ० | २१,८१,५८० | २१,६१,१९२ | ० | २१,६१,१९२ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३१,४१,४६,७८८ | १५,६३,८०,४५६ | ० | १५,६३,८०,४५६ | १४,९२,६०,२९७.४९ | ० | १४,९२,६०,२९७.४९ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | ९५,४३,०१२ | ३७,१२,३५३ | | ३७,१२,३५३ | ४३,००,७१,७०३.४९ | | ४३,००,७१,७०३.४९ | |
| | | | कोषहरु | | ९५,४३,०१२ | २९,७७,९९६ | ० | २९,७७,९९६ | ९०,३६,५११ | ० | ९०,३६,५११ | |
| | | | धरौटी | | ० | ७,६३,५०२ | ० | ७,६३,५०२ | ८,१७,८३० | ० | ८,१७,८३० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२९,१४५) | | (२९,१४५) | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (१४,७५,६४,७८८) | ३,६२,२८,३७९.९१ | | ३,६२,२८,३७९.९१ | ११,६४,३४,५३७.३२ | | ११,६४,३४,५३७.३२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १५,३६,३७,३४८.३४ | | १५,३६,३७,३४८.३४ | १०,७९,६८,९५१.२८ | | १०,७९,६८,९५१.२८ |
| वर्षान्तिको बाकी रकम (ङ + च) | | (१४,७५,६४,७८८) | १८,९८,६५,७२८.२५ | | १८,९८,६५,७२८.२५ | २२,४४,०३,४८८.६० | | २२,४४,०३,४८८.६० |
| बैंक तथा नगद बाकी | २४ | | १८,९८,६५,७२८.२५ | | १८,९८,६५,७२८.२५ | (२,६३,२७,४५१.६३) | | (२,६३,२७,४५१.६३) |

नगरपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| क सं | खर्च शिर्षक | बजेट | निकासा/ खर्च |
|---|---|---|---|
| १ | ३०१००१०२४-मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन कार्यक्रम | 29669000 | 10595097 |
| 2 | ३०१००१०२3-मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन कार्यक्रम | 105000 | 93000 |
| 3 | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | 115741008 | 114791778 |
| 4 | 365011114-स्गानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | 6000000 | 3114770 |
| | जम्मा | 151515008 | 128594645 |

राजश्व तर्फः

| राजश्व | | | | |
|---|---|---|---|---|
| ४ | विवरण | आम्दानी | दाखिला | बाँकी |
| | विभिन्न | 61799066 | 61799066 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा रु.१९००। असुल भएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५ | | | **वित्तीय विवरण परीक्षः** | |
| ५.१ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेमा गरेको पाइएन।<br>• तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गरेको नपाइएको। | |
| ५.२ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१८२८३९५१९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१५३६३७३४८.३४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२९२०२१७०.६६।घटी जिम्मेवारी सारी गतवर्षको घटी जिम्मेवारी सारेको हिसाव मिलान गर्नु पर्ने रु. क) आ.व२०७६/०७७ को अन्तिम मौज्दात रु.११२९२७१९७.५८ भएकोमा आ.ब २०७७/०७८ मा अ.ल्या रु.१०७९६८९५१.२८ गरि रु.४९५८२४६.२२ घटी जिम्वेवारी सारेको छ । ख) आ.ब.२०७७/०७८ को अन्तिम मौज्दात रु.२२४३९३०५६.६० भएकोमा आ.ब २०७८/०७९ को अन्तमा रु.१५३६३७३४८.३४ गरी रु.७०७५५७०८.२६ कम अ.ल्या गरेको पाइयो । | २९,२०२,१७० |
| ५.३ | | | **बैक हिसाब मिलान नगरेकोः** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको ले गर्दा स्रेस्ता भन्दा बैक रु.३७०६५४८.७५ ले बढी देखिएको छ । अतः पालिकाले बैक हिसाव यकिन गर्न बैक हिसाव मिलान विवरण तयार गर्नु पर्ने हुन्छ । | |

| सि.नं. | खाताको नाम | स्रेस्ता अनुसार बाँकी | बैक अनुसार बाँकी | फरक रकम |
| --- | --- | --- | --- | --- |
| १ | ग २.७,विविध खाता | 290613 | 808354 | -517741 |
| 5 | ग ३.१,स्थानिय तह धरौटी खाता | 7355030 | 7000474 | 354556 |
| 6 | ग ४.१ स्थानिय तह सञ्चित कोष खाता | 181330026.3 | 184873390 | -3543363.75 |
| | जम्मा | 188975669.3 | 192682218 | -3706548.75 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री मन्जु यरीले २०७८।६।१३ गते रु.६६ करोड ९ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।६।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।६।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६.२ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी स-साना र टुके योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| 1 | 1 लाख भन्दा कमका योजनाहरु | 19 | 1823967 |
| 2 | 1देखि 5 लाख सम्मको योजनाहरु | 222 | 68230264 |
| 3 | ५ देखि १० लाख सम्मको योजनाहरु | 21 | 14915420 |
| 4 | 10 देखि 50 लाख सम्मको योजनाहरु | 11 | 20012702 |
| 5 | 50देखि माथिको योजनाहरु | 3 | 26331229 |
| | जम्मा | 276 | 131313582 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छैन । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय। अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा गरेको देखिएन । | |
| ६.४ | | | **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ | |

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 29500000 | 17104419 | 4.12 |
| सामाजिक क्षेत्र | 268257000 | 210264838 | 50.63 |
| पूर्वाधार विकास क्षेत्र | 240635788 | 114882642 | 27.66 |
| संस्थागत विकास र सेवा प्रवाह | 3100000 | 1929854 | 0.46 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 137639000 | 71111547 | 17.13 |
| जम्मा | 679131788 | 415293300 | 100 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.५ | | | **चौमासिक पूँजीगत खर्चः** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षकको वजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असारमहिनाको |
| सबै | 228796 | 7000 | 16200 | 205596 | 94015 |
| खर्च प्रतिशत | १०० | 3.05 | 7.08 | 89.87 | 41.09 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.६ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| 1 | औलबेशि स्वास्थ्य चौकि भवन निर्माण | ३५,००,००० | ० | ० |
| 2 | मुक्ति मा बि भवन निर्माण गत आबको भुक्तानि बाँकी | ३,००,००० | ० | ० |
| 3 | जयनेपाल निमाबि भवन निर्माण गत आबको भुक्तानि बाँकि | १६,००,००० | ० | ० |
| 4 | हेलिप्याडका लागि आबश्यक सामाग्री खरिद | १,५०,००० | ० | ० |
| 5 | फर्निचर तथा फिक्चर्स | १३,५९,००० | ० | ० |
| 6 | फर्निचर तथा फिक्चर्स | ४०,००,००० | ० | ० |
| 7 | सहकारी तथा साझेदारीमा गौशाला निर्माण तथा सन्चालन अनुदान | १२,००,००० | ० | ० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 8 | वडा कार्यालयको DPR वडा नं ६ | १,००,००० | ० | ० | | |
| | | | | 9 | वडा कार्यालयको DPR वडा नं ६ | ४,००,००० | ० | ० | | |
| | | | | 10 | नगरपालिका WASH गुरुयोजना निर्माण | २०,००,००० | ० | ० | | |
| | | | | 11 | काव्रा तल्लो मैदु खानेपानि योजना डि पीआर निर्माण वडा नं ६ | ५,००,००० | ० | ० | | |
| | | | | 12 | सिम खरिक खानेपानि आयोजना डिपिआर निर्माण | ५,००,००० | ० | ० | | |
| | | | | 13 | किम्टाकुरा आसिमोट पोखरा सडक | १७,००,००० | ० | ० | | |
| | | | | 14 | पोखरा वडापोखरा सडक निर्माण | ५,००,००० | ० | ० | | |
| | | | | 15 | पानिखोला देखि माल्पे गाउँ सडक निर्माण | ४,००,००० | ० | ० | | |
| | | | | 16 | औलबेशि काप्रा हरले कोटखरिक सडक मर्मत | २,००,००० | ० | ० | | |
| | | | | 17 | काउले घरेलि दुरुमखोला सडक निर्माण | ९,००,००० | ० | ० | | |
| | | | | 18 | औलबेशि घर्तिगाउँ सडक मर्मत | २,५०,००० | ० | ० | | |
| | | | | 19 | आपचौर खाप्चे निगालचुला सडक निर्माण प्रदेश समपुरक आयोजना | ५०,००,००० | ० | ० | | |
| | | | | 20 | आपचौर खाप्चे निगालचुला सडक निर्माण प्रदेश समपुरक आयोजना | ५०,००,००० | ० | ० | | |
| | | | | 21 | सडक बोर्डसग साझेदारि सडक मर्मत | ७,५०,००० | ० | ० | | |
| | | | | 22 | देबस्थल नाम्रा धारागाउँ पोखरा औलबेशि बामे सडक प्रदेश समपुरक आयोजना | ५०,००,००० | ० | ० | | |
| | | | | 23 | देबस्थल नाम्रा धारागाउँ पोखरा औलबेशि बामे सडक प्रदेश समपुरक आयोजना | ५०,००,००० | ० | ० | | |
| | | | | 24 | डिपिआर अनुसार थप ग्रामिण बिद्युतिकरण कार्यक्रम | ६५,००,००० | ० | ० | | |
| | | | | 25 | ग्रामिण बिद्युतिकरण निर्माण प्रदेश समपुरक आयोजना | ५०,००,००० | ० | ० | | |
| | | | | 26 | ग्रामिण बिद्युतिकरण निर्माण प्रदेश समपुरक आयोजना | ५०,००,००० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 27 | घाटगाउँ खानेपानि निर्माण गत आबको भुक्तानि बाँकि | ५,३०,००० | ० | ० | | |
| | | | | 28 | बाझकोट स्वास्थ्य चौकि खानेपानि निर्माण गत आबको भुक्तानि बाँकि | ८०,००० | ० | ० | | |
| | | | | 29 | बामे स्वास्थ्य चौकि खानेपानि निर्माण गत आबको भुक्तानि बाँकि | १,५०,००० | ० | ० | | |
| | | | | 39 | नगरको ल्याण्डफिल्ड साइट निर्माण | २०,००,००० | ० | ० | | |
| | | | | 40 | ह्युम पाइप खरीद | १०,००,००० | ० | ० | | |
| | | | | 42 | देवस्थल खानेपानि मर्मत | ५,००,००० | ० | ० | | |
| | | | | 43 | वडा कार्यालयको DPR निर्माण वडा नं ५ | ५,००,००० | ० | ० | | |
| | | | | 44 | वडा कार्यालयको DPR निर्माण वडा नं ४ | ५,००,००० | ० | ० | | |
| ६.७ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१५६०१७३५८.३४। राजस्व बाँडफाँड र अनुदानबाट रु.४४९७०९६५९.९१ समेत रु.६०५७२७०१८.२५ आम्दानी भएकोमा चालु तर्फ रु.२६७८९१४७७। र पूँजिगत तर्फ रु.१५६३८०४५६।समेत रु.४२४२७१९३३। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २३.५६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.७७०२४६३। खर्च भएको छ जुन आन्तरिक आयको ४.९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.१९ प्रतिशत चालु र ४९.७८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | | | | | | | |
| ७ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | | | | | | | |
| ७.१ | | | साविक गाउापालिका/नगरपालिका, संघिय विषयगत कार्यालयको सम्पती र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन। | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **नक्सा पासः** नगरपालिकाभित्र बन्ने घरहरुको नक्सा पास गरी घर बनाउनु पर्नेमा हालसम्म पालिकाले घरनक्सापास सुरु गरेको पाइएन । पालिकामा नक्सापास वेगर घर बनाएको पाइयो ।पालिकाभित्र बनेका घरहरु लाभग्राहीले आवश्यकता महशुस गरेमा पालिकामा अभिलेखिकरण गराउने गरेको छ ।नक्सापास वेगर बनेका घरहरु मापदण्ड विपरित हुने हुँदा पालिकामा बनाउने घरहरुको नक्सापस गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ७.३ | | | स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पति, दायित्व तथा अभिलेख उङ्कत कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनु पर्ने र यसरी हस्तान्तरण हुने सम्पुर्ण सम्पतिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानिय तहले तयार गरी प्रतिवेदन तयार गर्नु पर्नेमा गरेको पाइएन। | |
| ७.४ | | | **जिन्सी व्यवस्थाः** कर्णालीप्रदेश आथिक कार्यविधि ऐन, को दफा ४७ मा कार्यालयमा प्राप्त हुने सबै धनमाल र जिन्सी सामानको संरक्षण गर्नु जिम्वेवार व्यक्तीको हुने उल्लेख गरेको छ । पालिकाको जिन्सी निरिक्षण प्रतिवेदनमा मोटराइकल ३, ल्याप्टप ६, डेक्सटप कम्प्युटर ९, प्रिन्टर ४, भ्याकुम क्लिनर २, सोलार प्यानल ४, मोबाइल ४, र दराज १ आदी सामानको मर्मत सम्भार गर्नु पर्ने उल्लेख गरेता पनि पालिकाले सो तर्फ कार्य अगाडी बढाएको नपाइएकोले प्रतिवेदनमा उल्लेख विषय पालना तर्फ ध्यान दिनु पर्ने देखिन्छ | |
| ७.५ | | | • सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गर्ने गरेता पनि पुराना सामानहरु सम्पुर्ण अद्यावधिक गरेको पाइएन। एकिकृत जिन्सी नराखी शाखागत जिन्सी खाता राख्ने गरेको साथै वडागतमा खरिद गरेको जिन्सी समानको अभिलेख वडाहरुमानै राख्ने गरेको पाइयो । | |
| ७.६ | | | **व्याकहो लोडरः** पालिकामा आवश्यक परेको समयमा प्रयोगमा ल्याउने साथै पालिकामा गरिने विकास निर्माणको कार्यमा सहयोग र संचालन रहने गरि किनिएको व्याकहो लोडर संचालनकोलागि पालिकाले कार्यविधि बनाएको पाइएन। पालिकाबाट वाहिर प्रयोग गर्न दिएबापत वर्ष भरिमा रु.२९८९०। आम्दानी गरेको पाइयो । पालिकाबाट बाटो मर्मत गर्ने कार्य उपभोक्ता समिति मार्फत गराएको पाइएपनि पालिकाको मेसीन प्रयोगमा नल्याइ उपभोक्ता समितिले उक्त काम बाहिरको मेसीनको प्रयोग गरि गरेको पाइयो ।मेसिनले पालिका भित्र समय समयमा गरिएका कामको लागत अनुमान, कार्य सम्पन्न, मेजरमेन्ट तयार गरी मेसीनको बास्तविक आम्दानी पहिचान गर्नु पर्नेमा सो गरेको पाइएन । मेसीन को लागि इन्धन, मर्मत, अपरेटर आदीमा गरी वर्ष भरिमा रु.८८१०३६। खर्च भएको छ । मेसिन कुन स्थानमा काम गरेको छ, लागत अनुमान नापि किताप तथा कार्य सम्पन्न समेत तयार गरी आम्दानी बढाउने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसारको खरिद गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ८.३ | | | • सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ८.४ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ८.५ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ९ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७० जना कर्मचारीहरु करारमा राखी रु.८७१०७९४। खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **तलवि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी रु.१५२६५६६। खर्च लेखेको पाइएको छ। तलवि प्रतिवेदन तयार गरी तलब खर्च लेख्नु पर्दछ । | |
| ९.३ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । सेवा प्रवाहका लागि प्राविधिक तर्फ २४ र प्रशासनिक तर्फ ५८ समेत ८२ कर्मचारीको दरबन्दी स्विकृत भएकोमा क्रमश १२ र २३ समेत ३५ पदपूर्ती भइ प्राविधिक तर्फ ७ जना र प्रशासनिक तर्फ ३५ गरी ४० पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| ९.४ | | | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता २६६३, मृत्यु दर्ता २७३ वटा, सम्वन्ध विच्छेद ११, विवाह दर्ता ४९१, वसाइ सराइ १५० गरी जम्मा ३५८८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले नाता प्रमाणित, घरबाटो शिफारिश, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १० | ० | | **अनुगमनको प्रतिवेदन पेश नभएको**<br>कार्यक्रमसंचालन निर्देशिका २०७८।७९ मा विद्यालयलाई निकासा भएको रकमको अनुगमन गरि प्रतिवेदनजारी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयलेविद्यालय संचालन अनुदान, विद्यालय सुधारयोजना, लेखापरीक्षण, ल्याव सामाग्रीसहयोग र विद्यालयमा शैक्षिक गुणस्तर सुद्धिढिकरण अनुदान रु५५६००००। विद्यायललाईनिकासा दिएकोमा अनुगमन गरी प्रतिवेदन जारी गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कोभिड तर्फः**<br>आ.व २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ। | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषवाट | 0 | राहात वितरण | 0 |
| स्थानिय तहको आफ्नै वजेटवाट | 6061170 | क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन | 0 |
| संघीय सञ्चीत कोषबाट | 0 | आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 0 |
| अन्य स्रोतवाट | 0 | जनशक्ती परिचालन | 0 |
| | | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | 0 |
| | | स्वास्थ्य पूर्वाधार निर्माण, राहत वितरण, संङ्क्रमित तथा संकास्पद व्यक्ति व्यवस्थापन | 0 |
| | | वाँकी | 6061170 |
| जम्मा | 6061170 | जम्मा | 6061170 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td>०</td><td></td><td>
जिन्सीमालसामान फिर्ता नभएको<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ९४(३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धि स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने उल्लेख छ ।निवर्तमान नगर प्रमुख र उपप्रमुखको प्रयोग रहेको देहाय वमोजिम सामानहरु फिर्ता गरेको नपाइएकोले फिर्त प्राप्त गरि जिन्सी दाखिला गर्नु पर्ने रु
<table>
<tr><td>नगर प्रमुख गोविन्द कुमार पुन</td><td>नगर उपप्रमुख मन्जु यरी</td></tr>
<tr><td>ग्याँस सेट रु ६५००</td><td>ग्याँस सेट रु ६५००</td></tr>
<tr><td>टिभी रु २८०००</td><td>टिभी रु २०५००</td></tr>
<tr><td>सामसुङ्ग मोवाइल रु २५०००</td><td>सामसुङ्ग मोवाइल रु ११७५०</td></tr>
<tr><td>पलङ्ग रु २८०००</td><td>पलङ्ग रु १२०००</td></tr>
<tr><td>जम्मा ९०५००</td><td>डिस होम ३०००</td></tr>
<tr><td></td><td>सोफासेट रु ३००००</td></tr>
<tr><td></td><td>दराज रु ६७००</td></tr>
<tr><td></td><td>डी फ्रज रु २६५००</td></tr>
<tr><td></td><td>लामा फल्टर रु १२०००</td></tr>
<tr><td></td><td>किचेन रयाक रु ४५००</td></tr>
<tr><td></td><td>जम्मा रु १३३४५०।०</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१२.१</td><td>नगरप्रमुख उपप्रमुख</td><td>२,२३,९५०</td></tr>
</table>
</td><td>२२३,९५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | १२५ | २०७९-३-२३ | **भुम्ति माविलाई बढि भुक्तानी**<br>भुम्ति माविलाई पोषण संवेदनशील कार्यक्रम अर्न्तगत स्कुल खानेपानी तथा सरसफाई योजना अर्न्तगत खानेपानी मर्मत आयोजना सम्पन्न पश्चात रु ७२१६९७ भुक्तानी भएकोमा देहाय अनुसार भएको पाइयो<br>१- ३ आइटमको माटो खन्ने कार्यको नापी कितावमा ६८६.३० घन मिटर देखाएकोमा कार्यसम्पन्न तथा उपभोक्ताको विलमा ६८९.२१ देखाएकोले बास्तवीक नापी भन्दा २.९२बढि परिमाण मुल्यङ्कन हुन गइ बढि भुक्तानी हुन गएको रकम रु ५३५ का दरले असुल हुनु पर्ने रु १५६२<br>२- एचडिपि पाइपको खरिद तथा प्रयोग १७५० मीटर भएकोमा खन्ने पुर्ने कार्य १९०० मीटर भएकोले पाइपको वास्तवीक लम्वाइ भन्दा बढि खन्ने पुर्ने कार्य भएको पाइएकोले बढि भुक्तानी हुन गएको रकम रु ३७८०१ को अनुपातिक रुपले उपभोक्ताको श्रमदान १५ प्रतिशत रु५६७० कट्टा गरी रु ३२१३१ असुल हुनु पर्ने | ३३,६९३ |

| | ल | चौ | उ | परिमाण | रकम खन्ने रु ५३५रपुर्ने रु १६२का दरले | ल | चौ | उ | परिमाण | रकम खन्ने रु ५३५र पुर्ने रु १६२का दरले | बढि रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खन्ने | १९०० | .४ | .९ | ६८४ | ३६८७२७ | १७५० | .४ | .९ | ६३० | ३३७०५० | ३१६७७ |
| पुर्ने | | | | ६८४को ७०% = ४७८.८ | ७७५६५ | | | | ६३०को ७०% =४४१ | ७१४४२ | ६१२४ |
| जम्मा | | | | | | | | | | | ३७८०१ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १३.१ | भुम्ति मावि | ३३,६९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | ० | | **शिर्षक फरक पारि खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(१ )मा स्विकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेमा अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनु पर्ने उल्लेख छ ।कार्यालयले देहाय बमोजिम खर्च शिर्षक फरक पारी लेख्ने कार्य नियम सम्मत देखिएन । | |
| १५ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |

| भौ न मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| ५३-१२।१२ | प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालयका कर्मचारीको तलव | विद्यालयमा शैक्षिक गुणस्तर एंव कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालयका कर्मचारीको तलव १.१.४.१ | ६९९८५०० |
| ५२-१२।१२ | " | " | " | ८८५०० |
| ८६-३।१ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण शिकाई एंव कक्षा ८ को परिक्षा व्यवस्थापन २.७.१३.३ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान २.७.३.१० | ३६१००० |
| १२४-३।२२ | शिक्षक शिकाई सामाग्री र ल्याव सामाग्री सहयोग | प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | शिक्षक शिकाई सामाग्री र ल्याव सामाग्री र ल्याव एशिस्टेन्ट तलव | ९२०००० |
| जम्मा | | | | ८३६८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रदेश स्रोत तर्फको आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको सर्सत अनुदान चालु रु. १७३०५००।, शसर्त अनुदान पुँजिगत रु.२३१७४४।, विषेश अनुदान पुँजिगत रु.३००००००।र समपुरक अनुदान पुँजिगत रु.५२३२७२। समेत रु.५४८५५१६।बाँकी रहेकोमा निकासा फिर्ता गरेको नपाइएकोले फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु.<br><br>क्रम / कर्मचारीको/फर्म/संगठन नाम / असुली रकम<br>१५.१.१ / विषेश अनुदान पुँजिगत / ३०,००,०००<br>१५.१.२ / शसर्त अनुदान पुँजिगत / २,३१,७४४<br>१५.१.३ / समपुरक अनुदान पुँजिगत / ५,२३,२७२<br>१५.१.४ / सर्सत अनुदान चालु / १७,३०,५०० | ५,४८५,५१६ |
| १५.२ | | | **फोहोरमैला व्यवस्थापनः** पालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गरी सुन्दर शहर बनाउनु पालिकाको जिम्मेवारीमा पर्दछ । पालिकाले फोहोर मैला व्यवस्थापनको लागि अल्पकालिन डम्पिङ साइड व्यवस्था गरेको पाइयो । पालिकाले दिर्घकालिन फोहोर व्यवस्थापनको व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १५.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता) कायम गर्नुपर्ने विषय विगत वर्षको लेखापरीक्षणमा औल्याएपनि हालसम्म सो ब्यवस्था अनुसार गरेको देखिएन । | |
| १६ | | | **कानून निर्माण एवं कार्यान्वियनः** | |
| १६.१ | | | **न्यायीक समितिः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २४ र यो बर्ष थप भएको २४ गरी कुल ५१ विवाद दर्ता यस वर्ष १२ विवाद फर्छयौट भइ ३९ विवादन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ९ ऐन, ३ नियमावली, १२ कार्यविधि,९ निर्देशिका र १ मापदण्ड समेत ३४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १७ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः** | |
| १७.१ | | | **आर्थिक सहायताः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले बाढी पिडित, औषधि उपचार, विरामि, आगलागी आदी प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१०००००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १७.२ | | | **खाना तथा विविध खर्चः –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२२२८६५४। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **पेश्की व्यवस्थापनः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फर्छयौट हुनु पर्ने व्यवस्था छ । यस वर्ष समया अवधि बाँकी रएका निम्न निर्माण व्यवसायीको मोविलाइजेसन पेश्की रु.२२८९०००। र व्यक्तिगत पेश्की रु.७००००। गरी जम्मा रु.२३५९०००। बाँकी रहेकोले नियमानुसार फर्छयौट गर्नु पर्ने रु. | ७०,००० |

| क्र सं | भौ.मिती | योजनाको नाम | निर्माण व्यवसायी | पेश्की रकम |
|---|---|---|---|---|
| | **ठेकेदार** | | | |
| **1** | **1-078/4/1** | **नगरपालिका भवन निर्माण** | **एसोसियट्स जय भवानी जे.भि** | **800000** |
| **2** | **1-078/4/1** | **कार्यालयको प्रशासनिक भवन निर्माण** | **एसोसियट्स जय भवानी जे.भि** | **1200000** |
| **3** | **1-078/4/1** | **जय नेपाल नि.मा वि भवन निर्माण वडा न.४** | **नवदिप निर्माण सेवा** | **289000** |
| | **व्यक्तिगत** | | | |
| **4** | **23-078/9/11** | **मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम** | **गोपाल विक** | **70000** |
| | **जम्मा** | | | **2359000** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | ० | | **पारिश्रमिक कर कट्टा नभएको**<br>आयकर ऐन २०५८को दफा ८७ को अनुसुची १ बमोजिम कर योग्य आय हुने पदाधिकारी तथा कर्मचारीको तलबभत्ता भक्तानी गर्दा पारिश्रमिक कर गणना गरी अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ। निम्नानुसार कर्मचारीलाई मिति २०७७ श्रावण महिना देखि २०७८ आषाढ महिनासम्मको तलबभत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरेको देखिएन । निम्नानुसार वार्षिकआयमा छुट पाउने खर्च कटाई लाग्ने पारिश्रमिक कर असुल गरी राजश्व दाखिला गर्नुपर्नेरु. | २३,८३१ |

| कर्मचारीको नाम | कुल वार्षिक आय | कुल छुट | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| अनमी शिवा शाह | ६०९१२१ | ५२४३३२ | ८४७८८ | ८४७९ |
| हेअ इन्द्रराज पोखरेल | ५४३६६६ | ५१९४९० | २४१७६ | २४१८ |
| ब वैद्य उमेश कुमार शाह | ५५६७५७ | ५१९४९८ | ३७२५८ | ३७२६ |
| सिअनमि सन्तोषी रावल | ५९३७५४ | ५८६४६९ | ७२८५ | ७२९ |
| अनमि यमुना यरि | ६०९१२१ | ५२४३३२ | ८४७८९ | ८४७९ |
| | | | | २३८३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
